**नेपाल सरकार**

**वन तथा भू-संरक्षण मन्त्रालय**

# वन अनुसन्धान तथा सर्वेक्षण विभाग

**बबरमहल, काठमाडौं ।**

(सूचना प्रकाशित मिति २०७३।०३।०५ गते)

आगामी आ.व. २०७३।७४ मा आवश्यक पर्ने तपसिल बमोजिमका कार्य गर्न गराउनका लागि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ बमोजिम मौजुदा सूची तयार गर्नुपर्ने भएकोले योग्यता पुगेका इजाजत प्राप्त इच्छुक फर्म, संस्था र कम्पनीहरुले सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र, आयकर तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र आ.व. २०७१।७२ सम्मको आयकर चुक्ता प्रमाणपत्रको नोटरी पब्लिकद्धारा प्रमाणित प्रतिलिपिहरु संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र आफ्नो कारोबारको संक्षिप्त व्यहोरा तथा पत्राचार गर्ने ठेगाना/सम्पर्क व्यक्तिको नाम एवं फोन नम्बर स्पष्ट उल्लेख गरी यस विभागमा कार्यालय समयभित्र रु. १०।-को टिकट साथै सूची दर्ताको निवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त निवेदन उपर छानविन गरी सूचीकृत गर्ने वा नगर्ने अधिकार यस विभागमा निहित रहनेछ । सूचीकृत भए नभएको जानकारी यस विभागको सूचना पाटीमा राखिनेछ । साथै, एक भन्दा बढी शिर्षकमा सूची दर्ता गर्नुपरेमा छुट्टाछुट्टै निवेदन पेश गर्नुपर्नेछ । म्याद नाघी तथा रित नपुगी प्राप्त हुने निवेदन उपर कुनै कारवाही हुनेछैन ।

## तपसील

१. स्टेशनरी, मसलन्द, पत्रपत्रिका र कार्यालय सम्बन्धी अन्य सामान आपूर्ति सम्बन्धी ।
२. छपाइ सम्बन्धी कार्य ।
३. सवारी साधान (मोटरसाइकल समेत) मर्मत ।
४. सवारी साधन (मोटरसाइकल समेत) को पार्टपूर्जा आपूर्ति ।
५. फर्निचर तथा फर्निसिङ्गका सामान आपूर्ति तथा सो सम्बन्धी मर्मत ।
६. सार्वजनिक निर्माण तथा मर्मत (धारा, विजुलि समेत) एवं रंगरोगन सम्बन्धी ।
७. पुस्तक आपूर्ति तथा बुक वाइन्डिङ्ग तथा Digitization कार्य ।
८. मेशिनरी औजार (कम्प्युटर, प्रिन्टर, फोटोकपी, फ्याक्स, एयरकण्डिसन एवं अन्य इलेक्ट्रोनिक्स तथा इलेक्ट्रिकल सामान) आपूर्ति तथा सोको मर्मत
९. परामर्श सेवा (अध्ययन, अनुसन्धान, सर्वेक्षण, पुस्तकालय एवं माटो प्रयोगशाला सम्बन्धी) ।
१०. इन्टरनेट सेवा, वेवसाइट अद्यावधिक तथा नेटवर्किङ्ग सम्बन्धी सेवा आपूर्ति ।
११. माटो परिक्षण केमिकल्स, रिएजेन्ट तथा उपकरणहरु सम्बन्धी
१२. खानेपानी आपूर्ति सम्बन्धी
१३. भाडामा सवारी साधन आपूर्ति सम्बन्धी ।
१४. गोष्ठि सेमिनार, आयोजनास्थल र सम्वद्ध अन्य सेवा ।
१५. विज्ञापन एजेन्सि सम्बन्धी ।
१६. अनुसन्धान/प्राविधिक प्रतिवेदन लेखन सम्बन्धी ।